# ६ व्यवस्था तथा नितिनिर्देशन दिनुहुने परमेश्वर

*<u>यस अध्यायको निम्ति पढ्नुहोस्:</u>* हिब्रू १२:२१, रोमी ७:८-१३, अयूब २४:१४,१५, प्रस्थान १६:४-३०, हिब्रू ८:१०, हिब्रू १०:१६, रोमी १३:८-१०।

*<u>स्मरण गर्नुपर्ने पद:</u>* **"किनभने परमप्रभु हाम्रा हाम्रा परमेश्वर न्यायधीश हुनुहुन्छ। हामीलाई चाहिने व्यवस्था तथा नितिनिर्देशन उहाँ परमेश्वरले नै दिनुहुन्छ। हाम्रा परमप्रभु परमेश्वर राजा हुनुहुन्छ। उहाँले नै हामीलाई उद्धार गर्नुहुनेछ।" (यशैया ३३:२२ रूपान्तरित)**

*<u>मूल बिचार:</u>* चाहे पुरानो करारमा होस् वा नयाँ करारमा होस्, परमेश्वरको व्यवस्था सम्पूर्ण बाइबलको अत्यन्त महत्त्वपूर्ण भाग हो। त्यस ब्यवस्थामा परमेश्वरको प्रेम झल्किन्छ। जब हामी सच्चा तरिकाले प्रेम गर्दछौं, तब परमेश्वरको व्यवस्थाको पूर्णता र सुन्दरताको प्रदर्शन गर्दछौं।

परमेश्वरको व्यवस्था अर्थात् दश आज्ञा उहाँको चरित्रको सिद्ध उदाहरण हो भनेर हामी सेभेन्थ-डे एडभेन्टिस्टलाई सिकाइएको छ। परमेश्वर को हुनुहुन्छ भनेर हेर्न चाहन्छौं भने दश आज्ञाले देखाउँदछ, अर्थात् परमेश्वरको चरित्रको बारेमा दश आज्ञाले परिभाषित गर्दछ। यसको अर्थ यो पनि हुन आउँछ कि, परमेश्वर बदल्नु हुन्न अर्थात् उहाँ सनातनदेखि जे हुनुहुन्छ त्यहि हुनुहुन्छ, न त उहाँको व्यवस्था बदलिन्छ। तर व्यवस्था अर्थात् दश आज्ञा उहाँको चरित्रको उदाहरण हो भन्नुको अर्थ के हो त?

मानौं तपाईं कुनै राजाको देशमा रहनुभएको छ रे? त्यस राजाको वचन नै व्यवस्था हो रे? फ्रान्सका एक जना प्रख्यात राजाले भनेका थिए, "म नै यस देश हुँ।" तर त्यस राजाले खराब, अनुचीत र घृणित कानून बनायो रे? के ती कानून नै त्यो राजाको चरित्र कस्तो रहेछ भनेर देखाउने ज्वलन्त उदाहरण होइन र? के उसले पारित गरेको त्यस कानूनले उसको व्यक्तित्वलाई देखाउँदैन र?

इतिहासका पानामा रहेका केहि अत्याचारी शासकहरूको बारेमा सोच्नुहोस्। जनतालाई शासन गर्न उनीहरूले बनाएका ऐनकानूनले तिनीहरू कस्ता खालका मानिसहरू थिए भनेर देखाउँदैन र?

मानिसलाई दिइएको व्यवस्थाले व्यवस्था दिने व्यक्तिको चरित्रलाई प्रतिविम्व गर्दछ। तब परमेश्वरको दश आज्ञाले उहाँको बारेमा के देखाउँदछ त? जब परमेश्वरको व्यवस्था हाम्रो हितको सुरक्षाको निम्ति दिइएको हो भनेर हामी बुझ्दछौं, तब हामीमा परमेश्वर कस्तो हुनुहुन्छ भनेर बढि बुझ्ने क्षमता हुन्छ।

यस अध्यायमा दश आज्ञा र दश आज्ञा दिनुहुने परमेश्वरको बारेमा छलफल गर्नेछौं।

## १. सीनैको पहाडबाट परमेश्वरले व्यवस्था तथा बिधिबिधानको घोषणा गर्नुहुन्छ (प्रस्थान १९:१८,१९)

**प्रस्थान १९:१८,१९, व्यवस्था ५:२२ र हिब्रू १२:२१ पढ्नुहोस्। जब परमेश्वरले व्यवस्था दिनुभयो त्यस बखत इस्रायलीहरू थर थरले किन काँपे?**

"जब परमेश्वर बोल्नुभयो तब इस्रायलका जनहरू डरले भयभित भएका थिए। थर थर काँपेका हृदयहरूले शक्तिशाली परमेश्वरको आवाज घन्केको लिन त्यत्तिको सजिलो भएको थिएन। ती मानिसहरूलाई उनीहरूमाथि राज्य गर्न परमेश्वरको अधिकार देखाइएको थियो। परमेश्वरको उपस्थित सामुने तिनीहरूको पाप कस्तो अघोर रहेछ भनेर तिनीहरूले महशूस गरेका थिए। परमेश्वरको सामु अत्यन्त अपराधी भएको थाहा पाएर तिनीहरू डरले पहाडबाट भागा भाग भएका थिए।"-एलेन जी ह्वाइट, पाट्रियार्क एण्ड प्रोफेटस्, पृ. ३०९, ३१०बाट रूपान्तरित।

एलेन जी ह्वाइटको उपरोक्त वाक्यमा केही प्रभावशाली शव्दहरू लुकेका छन्। जब बिजुलीको चमक र घनघोर आवाजद्वारा उहाँका जनहरूले पालन गर्नुपर्ने व्यवस्था परमेश्वरले दिनुभयो, त्यस समय ती मानिसहरूले आफ्ना पाप कस्तो खराब थियो भनेर पहिलोपल्ट बुझेका थिए। प्रतापी तथा तेजस्वीमय परमेश्वरको अगाडि आफूहरू कत्तिको पापी थिए भनेर तिनीहरूले जानकारी पाएका थिए।

सोच्नुहोस्, इस्रायलीहरूले परमेश्वरसँग सम्वन्ध राख्न सुरू गरेदेखि नै उनीहरूले पाएका व्यवस्थामा सुसमाचारको सन्देश झल्किएको थियो। तर कहिलै पनि व्यवस्थाबाट मानिसहरूले मुक्ति पाउन् भन्ने परमेश्वरको योजना थिएन। सीनै पहाडमा पनि व्यवस्थाबाट मानिसहरू पापबाट बचुन् भन्ने उहाँको इच्छा थिएन। तर मानिसहरूलाई मुक्तिको आवश्यकता भएको कुरा बताउन त्यस व्यवस्थाको काम थियो। व्यवस्था दिनुभएको लगत्तै मानिसहरूलाई परमेश्वरको पवित्र बासस्थान बनाउन परमेश्वरले निर्देशन दिनुभएको थियो। पवित्र बासस्थानको उद्देश्यचाहिँ परमेश्वरको मुक्तिको योजनाको जानकारी दिनु थियो। व्यवस्थाले क्रुसतिर औँल्याएको थियो। मानिसहरूलाई क्षमा र मुक्तिको आवश्यकता व्यवस्थाले देखाएको थियो। त्यसैकारण जब व्यवस्था दिइयो मानिसहरू थर थरले काँपेका थिए भन्ने वर्णनमा अचम्म मान्नु पर्दैन। किनभने त्यहि व्यवस्थाले मानिसहरू कत्तिको पापी रहेछ भनेर देखाएको थियो।

**यो महत्त्वपूर्ण सत्यलाई रोमी ७:८-१३ले कसरी देखाएको छ? व्यवस्थाले के गर्छ भनेर पावलले भनिरहेको छ? भजन ११९:६ पनि पढ्नुहोस्।**

सीनैको पहाडमा जे भयो सो पावलले भनिरहेको कुरा एलेन जी ह्वाइटले पनि भनेकीछिन्। मानिसको पापको समस्या व्यवस्थाको कारणले होइन। तर पापीहरू जसले व्यवस्थालाई उल्लङ्घन गरे, मानव समस्या त्यसमा थियो। हामी मध्ये कसैले पाप गरेको छैनौं भनेर कसले दावि गर्द सक्दछौं र? सुसमाचारसँग व्यवस्थाको सम्वन्ध कत्तिको घनिष्ठ छ भनेर पावलले हामीलाई जानकारी दिइरहेका थिए। हामी कत्तिको पापी रहेछौं भनेर देखाउने कुरालाई पावलले औँल्याइरहेका थिए।

के परमेश्वरको व्यवस्था अर्थात् दश आज्ञा सामु तपाईँ डराएर उभिनु भएको छ? के त्यस व्यवस्थाले तपाईँ दोषी ठहरिएको महशूस गर्नुभएको छ? जब प्रस्थान २०:१-१७मा औँल्याइएको व्यवस्था कसरी दिइयो भनेर तपाईँ पढ्नुहुन्छ तब तपाईँमा कस्तो खालको भावना जागेर आउँछ? तपाईँको क्रियाकलाप वा आचरणसँग परमेश्वरको व्यवस्था दाँज्नुहोस्।

## २. सीनै पहाडमा इस्रायलीहरूलाई व्यवस्था दिनुभन्दा पहिले व्यवस्थाको अस्तित्व (अयूब २४:१४,१५)

व्यवस्था, दश आज्ञा र सीनै पहाड भन्ने बित्तिकै धेरै इसाईहरूले ढुक्क भएर यो तर्क गर्दछन्, "ए, दश आज्ञा त पहिलो पल्ट यहूदीहरूलाई सीनैको पहाडमा दिइएको हो। त्यो केवल पुरानो करार अर्थात् जमानामा यहूदीहरूलाई दिएको परमेश्वरको व्यवस्था हो। वर्तमान समयमा त्यो दश आज्ञाको औचित्य छैन। त्यो हामीले मान्नु पर्ने व्यवस्था होइन!"

यस्ता तर्कले धेरै समस्याहरू खडा हुन्छन्। यदि दश आज्ञा केवल यहूदीहरूको निम्ति मात्र प्रथम् पटक सीनैको पहाडमा दिइएको हो भन्ने कुरा सत्य हो भने के सीनैको पहाडमा त्यस आज्ञा दिनुभन्दा पहिले यस संसारमा पाप थिएन त? "व्यवस्था भङ्ग गर्नु नै पाप हो" भनेर १ यूहन्ना ३:४मा भन्दा के पापको परिभाषा ती इस्रायलीहरूमा मात्र निहित भएको छ त? तर सत्य कुरो त यो छ, उत्पत्तिको पुस्तक अनुसार परमेश्वरको व्यवस्था सीनै पहाडमा दिनु भन्दा धेरै अघि थियो। सृष्टि कत्तिको पक्का र सिद्ध थियो भनेर उत्पत्ति १ र २ले बयान गर्दछन्। उत्पत्ति ३ले आदम र हवाको पतनको बारेमा उल्लेख गर्दछन्। अनि अर्को अध्याय उत्पत्ति ४मा प्रथम मानव हत्याको बृतान्त प्रस्तुत छ। यदि हत्या गर्नु पाप हो भन्ने व्यवस्था नभएको भए आफ्नो भाइको हत्या गर्दा आफू अपराधी भएको भनेर केनले कसरी थाहा पाए त?

सीनै पहाडको धेरै वर्ष अघि जलप्रलयपछि नोहासँग करार बाँध्दा परमेश्वरले हत्यालाई अपराध भनेर दोषी ठहराउनुभएको थियो (उत्पत्ति ९:६)।

अनि बाइबल ग्रन्थको सबभन्दा पुरानो पुस्तक अयूबमा परमेश्वरले अयूबको धार्मिक प्रवृत्तिलाई दुई पल्ट प्रशंसा गर्नु भएको थियो। अयूबको चरित्रको बारेमा परमेश्वरले के भन्नुहुन्छ त? हेर्नुहोस्: अयूब १:८, अयूब २:३। कुन ठिक कुन बेठिक भनेर छुट्याउन व्यवस्थाको प्रावधान थियो भनेर यसले स्पष्टरूपमा देखाउँदछ। प्रस्थानको पुस्तकमा भएको घट्ना भन्दा धेरै अघि अयूब थिए भन्ने कुरा बुझ्नु अत्यन्त जरूरी छ। त्यसमा पनि अयूब, करार बाँधिएको बंशजमा पनि थिएन नी!

कुन् ठिक कुन् बेठिक छ भन्ने चेतना सीनैको पहाड भन्दा धेरै अघि नै थियो भनेर अयूब २४:१४,१५ले कसरी देखाउँदछन्?

अबिमेलकलाई अब्राहमले साराको बिषयमा झुठ्ठो बोल्दा उनले गाली खप्नुपरेको थियो। अबिमेलक गरार देशको राजा थिए र उनी यहूदी पनि थिएन। दश आज्ञा लिखित रूपमा नदिएको समय अघि नै गैर-यहूदी अबिमेलकले पनि बैवाहिक पवित्रताको सुत्रलाई मान्नुपर्छ भनेर परमेश्वरले त्यस राजाबाट अपेक्षा गर्नुभएको थियो। त्यसकारण त्यस गैर-यहूदी राजाबाट सारालाई अब्राहमलाई फर्काउन निर्देशन दिनुभएको थियो (उत्पत्ति २०:९)

**इसाहकलाई उनको बाबुको बारेमा परमेश्वरले के भन्नुभएको थियो? हेर्नुहोस्, उत्पत्ति २६:४,५।**

उत्पत्ति २६:५मा व्यवस्थाको बारेमा हिब्रू भाषाको विभिन्न चार शव्दहरू प्रयोग गरिएको कुरा चासोको विषय हो। ती चार शव्दहरू हुन्: mshmrt, (मिस्मर्ट्) mzvot, (मझभोट), hugot (ह्युगोट), र torot (टोरोट)। टोराह अर्थात् यहूदीहरूले मान्ने मोसाका प्रथम् चार पुस्तकहरूमा प्रयोग गरिएको व्यवस्थालाई बुझाउन ती शव्दहरू प्रयोग गरिन्छन्। अब्राहमले के पालन गरे भनेर ती शव्दहरूले वर्णन गर्दछन्। ती सबै व्यवस्थाहरूमा दश आज्ञा पनि समावेश भएका थिए भन्नुमा कसैको दुईमत हुनसक्दैन।

धेरै वर्ष पछि याकूवलाई परमेश्वरको निम्ति बेदि बनाउन बेथेलमा फर्कनु भनेर परमेश्वरले निर्देशन दिनुभएको थियो। आफ्ना परिवारहरूको बिचमा परमेश्वरप्रति पुनःजागरणको आवश्यकता भएको थियो भनेर उनले महशूस गरेका थिए। आफ्ना घरपरिवारलाई के गर्नु भनेर याकूवले निर्देशन दिएका थिए? हेर्नुहोस्, उत्पत्ति ३५:२,३।

सीनै पहाड भन्दा अघि कुनै व्यवस्था थिएन भन्ने तर्क निरर्थक छ भन्ने कुरा बाइबलले स्पष्ट पारेको छ। सीनै पहाड भन्दा अघि जीवन र व्यवस्थाको बारेमा बाइबलले सिकाएको कुरालाई कसैले पनि आँखा चिम्लन सक्दैन।

## ३. सीनै भन्दा अघि सब्बथ (उत्पत्ति २:१-३)

सीनैको पहाडमा जुन घन्केर परमेश्वर बोल्नुभयो त्यस तरिकाले परमेश्वरले उहाँका जनहरूसँग यसरी सम्पर्क गर्नुभएको थियो भनेर

बाइबलले भन्दैन। तर जुन व्यवस्था सीनैको पहाडमा परमेश्वरले दिनुभयो, त्यो विश्वको इतिहासमा प्रथम् पटक दिनुभएको परमेश्वरको व्यवस्था थिएन। बाइबलमा यो कुरा पुष्टि गर्न धेरै प्रमाणहरू छन्।

त्यस सत्यतालाई कसैले नकारेको त छैन, तर केवल सब्बथको आज्ञामात्र उल्लेखनिय आज्ञा हो जुन् सीनैको पहाडमा प्रथम् पटक दिइएको थियो भनेर अधिकांस इसाईहरूको धारणा छ। अरू व्यवस्था पनि दिइएको थियो, तर ती व्यवस्था अगाडि नै थिए, तर सब्बथको व्यवस्थाचाहिँ थिएन भनेर तिनीहरूले तर्क गर्दछन्। यसको अर्थ सब्बथ व्यवस्था यहूदीहरूको निम्ति मात्र हो, र आजका इसाईहरूसँग त्यसको सरोकार छैन भनेर बढे से वढे विद्वान इसाईहरूले पनि दावी गर्दछन्। तर त्यो दावी कत्तिको न्यायोचित वा वैद्यता छ त?

**सीनैमा दिइएको भन्दा पहिले सब्बथ आज्ञाको बारेमा उत्पत्ति २:१-३ले हामीलाई के सिकाउँछन्?**

अनि अर्कोचाहिँ प्रस्थान ५:१-५। त्यस पदमा मोसा र हारुन फारोह राजासँग इस्रायलीहरूलाई परमेश्वरको आराधना गर्न फुकुवा गरिदिन अनुरोध गरिरहेको पाउँछौं। फारोह र तिनीहरूको बिचमा भएको चर्काचर्किको बारेमा पद ५मा उल्लेख गरिएको कुरा अत्यन्त रोचकपूर्ण छ।

**सब्बथको बारेमा प्रस्थान ५:५मा के भनिएकोछ?**

“तिनीहरूको कामबाट तिमीहरूले बिश्राम दिन चाहन्छौ?" भनेर फारोहको रिस नै इस्रायलीहरूले विश्रामबार पालन गर्न चाहेका थिए भन्ने प्रमाण यथेष्ठ छ। राजाले बोलेको खास भाषा त झन स्पष्ट भएको पाउँछौं। बिश्राम भन्ने शव्द जनाउन धेरै शव्दहरू छन्। तर फारोहले प्रयोग गरेको शव्दचाहिँ “सब्वथ" भन्ने शव्दमा आधारित छ। मोसा र हारुनलाई फारोहले खास बोलेको वाक्यचाहिँ यो हो: “तिनीहरूको कामबाट तिमीहरूले सब्बथ बनाइ दिन चाहन्छौ!" सब्बथको अस्तित्व केवल सीनैको पहाडमा मात्र भन्ने तर्कलाई त्यस वाक्यले सरासर असहमत जनाउँछ।

सीनैमा भन्दा सब्बथ पहिला पनि थियो भन्ने अझ अर्को बलियो सबूद प्रमाण त प्रस्थान १६मा पाउँछौं। परमेश्वरले मरुभूमीको यात्रामा इस्रायलीहरूलाई अचम्म तरिकाले मन्ना दिनुभएको थियो। त्यो मन्ना

दिने काम ४० वर्षसम्म जारी भएको थियो। फेर त्यो मन्ना त सीनै पहाडमा पुग्नुभन्दा अघि नै परमेश्वरले जुटाउनुभएको थियो।

**सातौं दिनको सब्बथ वा बिश्रामबार सीनै पहाडको अनुभव भन्दा पहिले नै थियो भनेर प्रस्थान १६:४-३०पदहरूले कसरी प्रमाणीत गर्दछन्?**

मोसाले प्रयोग गरेको २८ पदलाई ध्यानपूर्वक पढ्नुहोस्: "मेरा आज्ञाहरू र व्यवस्थाहरू पालन गर्न तिमीहरूले कहिलेसम्म अश्विकार गर्दछौ।" (रूपान्तरित) परमेश्वरले इस्रायलीहरूलाई पोखाउनुभएको आफ्नो दुखेसो वा गुनासोले उहाँलाई तिनीहरूप्रति कत्तिको चित्त दुखेको रहेछ भनेर स्पष्ट रूपमा देखाउँदछ। दश आज्ञाहरू र व्यवस्थाहरू सीनै पहाडमा दिनुभन्दा अघि नै थिए भनेर देखाउने सबूद प्रमाण पद २८भन्दा अरू के होला त? र ती व्यवस्था र आज्ञाहरूमा सातौं-दिनको बिश्रामबार पनि समावेश भएको थियो। हो, मानिसहरूको मनमा भिजोस् वा गाडियोस् भनेर असाधारण प्राकृतिक प्रदर्शनद्वारा सीनैको पहाडमा परमेश्वरले व्यवस्था दिनुभएको थियो। तर दश आज्ञाचाहिँ कुनै नौलो थिएन भनेर माथिका पदहरूले स्पष्टरूपमा प्रमाणित गर्दछन्।

सब्बथ दिनमा तपाईंको अनुभव कस्तो छ? के तपाईंलाई सब्बथप्रतिको श्रद्धा वा प्रेम छ, वा झर्को मान्नुहुन्छ? सब्बथ आउने समयमा कस्ता कस्ता खालका बहानाहरू तपाईं निकाल्नुहुन्छ? परमेश्वरको बरदानरूपि हामीलाई दिइएको सब्बथमा गहिरो र उपयुक्त आभास पाउन तपाईंले के गर्न सक्नुहुन्छ?

## ४. व्यवस्था र परमेश्वरका अगमवक्ताहरू (यशैया ४८:१७,१८)

सीनैको पहाडमा दिइएको व्यवस्थापछि इस्रायली इतिहासमा व्यवस्थाको भूमिका अत्यन्त उल्लेखनिय थिए भन्ने कुरामा कसैको असहमत छैन। व्यवस्थाका उदाहरणहरूले पुरानो करारका लेखहरू भरिएका छन्। इस्रायलीहरूले व्यवस्था उल्लङ्घन गरेको र त्यसको नतिजाले तिनीहरूले कसरी सजायँ पाए भन्ने धेरै उदाहरणहरू पुरानो करारमा उल्लेख गरेकाछन्। तर फेरि इस्रायलीहरूले व्यवस्थाप्रति अत्यन्त श्रद्धा र प्रेम देखाएका थिए भनेर कतिपय पदहरूले देखाउँदछन्। व्यवस्था भन्दा परमेश्वरले आफ्ना जनहरूलाई दिनुभएको

सम्पूर्ण व्यवस्था, नितिनिर्देशन जसमा दश आज्ञा पनि समावेश भएका थिए।

**व्यवस्थाको गरिमामयप्रति कसरी गुण गाएका थिए भनेर देहायका केहि पदहरूले देखाउँदछन्। हेर्नुहोस्ः यशैया ४८ः१७,१८, भजन ११९ः६९-७२, भजन ११९ः९७-१०३ र यर्मिया ३१ः३३। इस्रायलीहरूले व्यवस्थाप्रति कस्तो मनस्थिति राखेका थिए भनेर ती पदहरूले कसरी व्यक्त गर्दछन्?**

इस्रायलीहरूले व्यवस्थालाई अत्यन्त प्रेमपूर्वक मान्दथे। तर व्यवस्थाको उद्देष्य मुक्ति देखाउने उपाय थिए भनेर व्यवस्थाको गुण गाउनेहरूले कहिलै पनि बुझेका थिएनन्। हिब्रू वा यहूदी धर्म जहिले पनि अनुग्रहको धर्म थियो। तर सोलोमनको समयदेखि येशूको समयसम्म आइपुग्दा कतिपय मानिसहरूले व्यवस्थालाई जथाभावी प्रयोग गरेका थिए भने कतिपयले अतिवादी भएर व्यवस्था पालन नगरि मुक्ति पाइँदैन भनेर त्यसलाई अक्षरस पालन गरेका थिए।

व्यवस्थाप्रति इस्रायलीहरू किन मुग्ध हुन पुगे त? फेरि यो नबिर्सौं, इस्रायलीहरूको निम्ति व्यवस्था भन्ने बितिक्कै दश आज्ञा र पुरानो करारमा सिकाइएका शिक्षाहरू थिए। त्यसमा मोसाका प्रथम् पाँच पुस्तकहरू मुख्य छन्। मुक्ति र अनुग्रहको सन्देश ती इस्रायलीहरूले मनपराएका थिए भनेर हामीले बुझ्नु पर्दछ। उनीहरूलाई देखाए र बुझाए अनुसार सत्यप्रति तिनीहरूको आस्था अगाढ थियो। व्यवस्थाले निर्धारण गरेका नितिनियमहरूलाई तिनीहरूले प्रेम गरेका थिए भन्ने होइन। तर व्यवस्थामा उल्लेख गरेका मार्ग निर्देशन र महत्त्वपूर्ण सुत्रहरूलाई पालन गर्दा तिनीहरूले धेरै आशिष पाउँछन् भन्ने कुरामा तिनीहरू प्रभावित भएका थिए। ती व्यवस्थामा उल्लेख गरेका बाचाहरू पनि तिनीहरूको हुनसक्छ भनेर तिनीहरू विश्वास गरेका थिए। परमेश्वरले दिनुभएको सबै व्यवस्था ती मानिसहरूकै हित र सुस्वास्थको निम्ति थिए।

के ती कुनै व्यवस्था तथा नितिनिर्देशन आजको समयमा काम लाग्दैन र?

**हामी परमेश्वरका जनहरू भनेर दावी गर्नेहरूलाई उहाँले कतिकुराहरू दिनुभएको छ त्यसको बारेमा सोच्नुहोस्। परमेश्वरको व्यवस्थामा कोरेका**

**अचम्मका सत्यहरूद्वारा हामी आशिष पाउन सक्छौं। तिनीहरूलाई आत्मसात् गर्दा हाम्रो जीवन कसरी राम्रो हुनसक्छ भन्ने कुरालाई सोच्नुहोस्।**

## ५. नयाँ करारमा व्यवस्था (हिब्रू ८:१०)

सुरूदेखि नै, परमेश्वरले प्रेम गर्नुभएकोले दश आज्ञाका सुत्रहरू मानिसहरूलाई दिइएको थियो। यसको अर्थ दश आज्ञाहरू अभिशाप नभएर आशिषको निम्ति दिइएको थियो। यदि तपाईंले त्यस व्यवस्थालाई पालन गर्नुभयो भने तपाईं पापबाट अत्यन्त सुरक्षित हुनुहुनेछ। यदि त्यसलाई उल्लङ्घन गर्नु भयो भने तपाईंले अनेक किसिमको नरमाइलो नतिजाहरूको सामना गर्नुपर्नेछ। पाप कतिको दुःखदायी हुन्छ र त्यसको नतिजा कस्तो नराम्रो हुन्छ भन्ने कुरा बाइबलका पाठकहरूले थाहा पाउने कुरो हो। पापको कारणले गर्दा बाइबलका कतिपय पात्रहरूले अनावश्यक दुःखकष्ट भोग्नु परेको थियो भन्ने कुरा बाइबलले खुलासा गरेकोछ।

कतिपय मानिसहरूले दश आज्ञाको उद्देष्यप्रति नकारात्मक धारणा राखेका थिए भनेर नयाँ करारका लेखहरू बिषेश गरेर पावलका पत्रहरूले उल्लेख गरेकाछन्। दश आज्ञाको गरिमामय नितिलाई नबुझ्दा मानिसहरूले त्यसप्रति गलत सोच्दछन्। दश आज्ञाप्रति नकारात्मक सोच राख्ने मानिसहरूसँग नयाँ करारका लेखकहरूले सामना गर्नुपरेको थियो। परमेश्वरका दश आज्ञाहरू कत्तिको मद्दतकारी, हितकारी र आत्मालाई उचाल्ने खालका छन् भनेर नयाँ करारमा देखाइएको छ।

हिब्रू ८:१० र हिब्रू १०:१६मा परमेश्वरको व्यवस्थाको बारेमा लेखकले कसरी व्यक्त गर्दछन्? के परमेश्वरको त्यो व्यवस्था अर्थात् दश आज्ञा अहिलेको परिप्रेक्ष्यमा हाम्रो निम्ति उपयोगी छन् त? के अनुग्रहले गर्दा ती दश आज्ञा हटिगए त?

अहिले पनि कतिपय मानिसहरूले परमेश्वरको प्रेम र अनुग्रहलाई माथि राखेर दश आज्ञालाई ओझेलोमा पार्दछन्। मानिसहरूले यस्तो सस्तो लोकप्रिय तर्क राख्दछन्, "यदि तपाईंले साँच्चिकै प्रेम गर्नुहुन्छ भने परमेश्वरको व्यवस्था हटदछन्। दश आज्ञालाई पालन गर्नु आवश्यक नै हुँदैन।" तर यथार्थ त यो हो, जसले परमेश्वरलाई साँच्चिकै प्रेम गर्दछ त्यसले परमेश्वरका नितिहरूलाई पालन गरेर

देखाउँदछ। व्यवस्था हटिगयो भन्ने धारणालाई मान्ने कुनै पनि बहाना छैन। प्रेमले परमेश्वरको आज्ञाको पूर्णता दिन्छ। प्रेमद्वारा नै परमेश्वरको व्यवस्था पालन गरिन्छ। व्यवस्थाको शुद्धता र स्वच्छताको प्रदर्शन परमेश्वरप्रतिको पक्का प्रेमले देखाउँदछ।

यसलाई अर्को पक्षमा हेरौंः तपाईंसँग मोटरकार छ रे। बिभिन्न पार्टपुर्जाहरूलाई मिलाएर त्यस कार बन्दछ। ती पार्टपुर्जाहरू आफैको निम्ति बनाइएका होइनन्। ती पार्टपुर्जाहरू कारमा छन ताकि त्यस कार चलोस्। ती पार्टपुर्जाको काम भनेको कारलाई चलाउनु हो। तर प्रत्येक पार्टपुर्जाबिना कारले काम गर्दैन। परमेश्वरको व्यवस्था अर्थात् दश आज्ञा पनि त्यस्तै होः दश आज्ञा आफैको निम्ति बनाइएका होइनन्। दश आज्ञाको लक्ष्य छ। र त्यस आज्ञाको लक्ष्यचाहिँ पक्का प्रेम देखाउने हो। परमेश्वर र मानिसलाई कसरी प्रेम देखाउने भनेर सिकाउने सुत्र नै दश आज्ञा हुन्। दश आज्ञाबिना प्रेम र पापको परिभाषा स्पष्ट हुँदैन।

**व्यवस्था र प्रेमको बिचमा कस्तो घनिष्ट सम्वन्ध छ भनेर देहायका पदहरूले कसरी देखाउँछन्? हेर्नुहोस्ः रोमी १३:८-१०, गलाती ५:१४, याकूब २:८ र १ यूहन्ना ५:२,३।**

परमेश्वरको प्रेम र दश आज्ञाको बिचमा हुने गाढा सम्वन्धको बारेमा गहिरिएर सोच्नुहोस्। प्रेम बिना व्यवस्थालाई पालन गर्दा त्यसले मानिसलाई कतातिर लान्छ? व्यवस्थाबिना प्रेम गर्दा त्यसले पनि मानिसहरूलाई कतातिर लान्छन्? सोच्नुहोस्, लेख्नुहोस्, साथीभाइहरूमा छलफल गर्नुहोस्।

## उपसंहारः

<u>थप जानकारीः</u> "परमेश्वरको सिद्ध तथा उत्कृष्ट चरित्रको उदाहरण सीनै पहाडमा ख्रीष्टले बोल्नुभएका पवित्र दश आज्ञाहरू हुन्। सबै मानिसहरूमा उहाँको आधिपत्य छ भनेर संसारलाई देखाउने सुत्र नै ती दश आज्ञा हुन्। परमेश्वरको प्रेम मानिसहरूप्रति कत्तिको रहेछ भनेर देखाउने पक्का उदाहरण नै दश आज्ञाहरू हुन्। प्रत्येक मानिसको चेतनामा कोर्ने प्रतिज्ञासहित स्वर्गबाट निस्किएको परमेश्वरको आवाज यो होः "यदि तिमीहरूले यस आज्ञा अनुसार चल्यौ भने तिमीहरूलाई सैतानले नियन्त्रण गर्न सक्दैन।" झट्ट हेर्दा नकारात्मक देखिएतापनि

दश आज्ञामा नकारात्मक कुराहरू केहि पनि छैन। पालन गर र जीऊ......परमेश्वरले सृष्टि गर्नुभएका जनहरूको सुरक्षाको निम्ति पवित्र दश आज्ञाहरू सुरक्षित पर्खाल हुन्।"-एलेन जी ह्वाइट, सनस् एण्ड डटरस् अभ गडस्, पृ, ५३बाट रूपान्तरित।

"मुक्तिको क्रियाकलापमा कुनै बल प्रयोग गरिँदैन। कसैको आत्मनिर्णयको बिरूद्धमा बलजफ्ती मुक्ति भिँडाइन्दैन। प्रत्येकलाई परमेश्वरको आत्माले प्रभावित पारेको हुन्छ, तर कसको सेवा वा आराधना गर्ने भन्ने आत्मनिर्णयको अधिकार प्रत्येक मानिसमा नै निहित गरिएको छ। जब मानिसले ख्रीष्टलाई आफ्नो जीवन समर्पण गर्दछन् तब उसको जीवनमा आमूल परिवर्तन हुन्छ। त्यसले उच्च कोटिको स्वतन्त्रताको आभास पाउँछ।.....हो, हामी आफ्नै शक्तिले सैतानबाट फुत्कन सक्दैनौं। तर यदि हामी पापबाट स्वतन्त्र हुने इच्छा गरेर हाम्रो भन्दा अपार शक्तिको लागि बिन्ति गर्‍यौं भने हाम्रा आत्मा पवित्र आत्माको शक्तिले भरिदिन्छ। अनि पापबाट फुत्किन उर्जा पाउँछौं। पवित्र आत्माबाट पाइएको शक्तिले हाम्रो इच्छालाई नियन्त्रण गर्दछ र परमेश्वरको इच्छा पालन गर्न अगुवाई गर्दछ।

"यदि मानिस सच्चा रूपमा स्वतन्त्र हुन चाहन्छ भने ख्रीष्टसँगको एकताको बिकल्प छैन। 'सत्यले तिमीहरूलाई स्वतन्त्र बनाउनेछ,' र ख्रीष्ट सत्य हुनुहुन्छ।....परमेश्वरमा समर्पण गर्नु भनेको आफ्नो जीवनलाई नयाँ जीवनको ढाँचामा ढाल्नु हो। यसको अर्थ यो पनि हो, हाम्रो निम्ति परमेश्वरले चाहनुभएको आदर्श जीवनमा पुनर्निर्माण गर्नु र जीवनको महिमा अर्थात् सुन्दरतामा आफूलाई पुर्‍याउनु हो। परमेश्वरको दश आज्ञा, जसलाई स्वतन्त्रको व्यवस्था पनि भनिन्छ, त्यहि व्यवस्थाको मुनि रहनु नै सच्चा स्वतन्त्रताको अनुभूति पाउनु हो।"-एलेन जी ह्वाइट, द डिजायर अभ एजेज्, पृ. ४६६बाट रूपान्तरित।

**चिन्तनमनन:**

क. व्यवस्था र प्रेमको बिचमा के सम्वन्ध छ। यसबारे चिन्तनमनन गर्नुहोस्। धार्मिक बिधिबिधान वा दशै आज्ञा त पालन गर्छु भनेर दावि गर्ने तर दया माया करूणा छैन भने त्यस आज्ञा पालनको औचित्य के छ?

धर्ममा अतिबादी भएर धार्मिक पोसाक ओढ्ने तर ती मानवियहितको गुणलाईचाहिँ कति मानिसहरूले पन्छाइरहेकाछन्, के तपाईंलाई थाहा छ? फेरि प्रेम गर्ने निहुँमा परमेश्वरको दश आज्ञा अर्थात् आचारसँहीतालाई वास्ता नगर्नेको मनस्थिति कस्तो हुन्छ त? कुनै नितिबिनाको प्रेम कस्तो प्रेम हो? सच्चा प्रेम र व्यवस्था पालनको बिचमा किन घनिष्ठ सम्वन्ध राखी छोड्नुपर्दछ?

ख. व्यवस्थाले व्यवस्था दिनेको चरित्र कसरी देखाउँछ? दश आज्ञाले परमेश्वर कस्तो हुनुहुन्छ भनेर कसरी देखाउँछन्?

ग. याकूब १:२५सँग समर्थन् जनाउँदै एलेन जी ह्वाइटले भन्नुहुन्छ “स्वतन्त्रताको व्यवस्था" भनेको के हो? व्यवस्था पालन गरेर व्यवस्थित ढँगले जीवन अपनाउँदा कसरी स्वतन्त्रताको अनुभूति प्राप्त हुन्छ?

ङ. परमेश्वरको व्यवस्थालाई तोड्दा कस्ता किसिमका नतिजाहरू मानिसहरूले भोग्नु परिरहेकाछन्, के त्यसको उदाहरणहरू तपाईंले दिन सक्नुहुन्छ? परमेश्वरको दश आज्ञाको औचित्य कस्तो रहेछ भनेर ती ज्वलन्त उदाहरणहरूले हामीलाई देखाउँदछन्। परमेश्वरको आज्ञालाई पालन गर्नु कत्तिको हितकर र महत्त्वपूर्ण छन्, दैनिक जीवनमा घटिरहेका घट्नाहरूले कसरी देखाइरहेकाछन्?

**सारांशः** परमेश्वरको दश आज्ञाले उहाँको प्रेम देखाउँछन्। जब जसरी परमेश्वरले हामीलाई प्रेम गर्नुभयो त्यसरी नै हामीले पनि उहाँलाई प्रेम गर्न सक्यौं भने उहाँको व्यवस्थाको सुन्दरता र शक्तिको प्रदर्शन गर्न सक्षम् हुनसक्दछौं।